आज **मिति २०७८ साल असोज १५ गते** चौरजहारी नगर कार्यपालिकाको **७२ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिती

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उप-प्रमुख | |
| ३ | श्री गोकुल ढुंगेल | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री देवी खड्का | का.बा.अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना विष्ट कार्की | सदस्य | |
| २० | श्री विनिता गुरुङ | सदस्य | |
| २१ | श्री दलसरी महतरा | सदस्य | |
| २२ | श्री असारे नेपाली | सदस्य | |
| २३ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २४ | श्री दिपा के सी | सदस्य | |

## मिति २०७८/०६/१५ गतेको नगर कार्यपालिकाको ७२ औं बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | नगर विकास समिति गठन सम्बन्धी प्रस्ताव | नगर विकास सम्बन्धी व्यवस्था गर्न बनेको नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.२ उल्लेख भए बमोजिमका पदेन सदस्यहरु बाहेक नगरपालिकाबाट तोक्नु पर्ने सदस्यहरुको नाम मनोनयन गर्ने । | |
| २ | आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ संशोधन सम्बन्धी प्रस्ताव | नगरपालिकाको आवश्यकता अनुसार आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ परिच्छेद-२ को आर्थिक सहायता सम्बन्धी मापदण्डको दफाहरु संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने । | |
| ३ | चौरजहारी नगरपालिका अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७७ संशोधन सम्बन्धी प्रस्ताव | नगरपालिकाको आवश्यकता अनुसार चौरजहारी नगरपालिका अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७७ को दफा (६) को उपदफा (१) को (क) र (घ) तथा दफा (१५) को उपदफा (७) संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने । | |
| ४ | कोसेली घर स्थापना तथा सञ्चालन कार्यविधी, २०७८ सम्बन्धी प्रस्ताव | कोसेली घर स्थापना तथा सञ्चालन कार्यविधी, २०७८ सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । | |
| ५ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न स्थान छनौट गर्ने सम्बन्धी प्रस्ताव | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडलमा नयाँ उद्यमी सिर्जना गर्ने कार्यक्रमका लागि यस नगरपालिकाका वडाहरु छनौट गर्ने । | |
| ६ | विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | १. सार्वजनिक यातायात सेवामा सर्वसाधारणको सहज र सुविधाजनक पहुँचको लागि चालु आ.व. २०७८/०७९ मा २ वटा नगर बस खरिद गर्ने । | |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| क.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | २. चौरजहारी नगरपालिकाको प्रकोप व्यवस्थापन कोषको आय व्यय अनुमोदन गर्ने ।<br>३. चौरजहारी नगपालिकाको वडा नं. २ मा कर्णाली प्रदेशस्तरिय रंगशाला निर्माणको लागि आवश्यक पर्ने सरकारी जग्गा उपलब्ध गराउने ।<br>४. चौरजहारी नगरपालिका वडा नं. ९, कोटजहारीमा निर्माण गरिने १५ शैयाको अस्पताल र वडा नं. ४ मालिकामा निर्माण गरिने मालिका पर्यटन पूर्वाधारको लागत अनुमान नगरपालिकाको सिफारिस बमोजिम स्वीकृत गर्ने ।<br>५. चालु आर्थिक वर्ष २०७८/०७९ को महिला लक्षित आय आर्जन/सिप विकास तथा क्षमता विकास कार्यक्रमबाट नगरपालिकाका महिलाहरुलाई डिप्लोमा तहको मेसिनद्वारा स्वीटर बुन्ने तालिम सञ्चालन गर्ने ।<br>६. चौरजहारी नगरपालिकाको प्रकोप व्यवस्थापन कोषको रु. १,१२,५०,०००/- (अक्षरुपी एक करोड बाह्र लाख पचास हजार मात्र) रकम नगरपालिकाको संचित कोष खातामा जम्मा गर्ने ।<br>७. आर्थिक वर्ष २०७८/०७९ को लागि चौरजहारी नगरपालिकामा सञ्चालन हुने १० लाख भन्दा कम लागत अनुमानका आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने । | |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

| क.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | ८. आर्थिक वर्ष २०७८/०७९ को लागि निर्माण सामग्री र ढुवानी, मेशिन तथा उपकरणको भाडा र कामको ज्याला निश्चित गर्ने प्रयोजनार्थ तयार पारी लागू भईरहेको चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को दररेट अनुमोदन गर्ने<br>९. कोरोना महामारीबाट बचन स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउदै २०७८ सालको बडा दसैं र तिहार मनाउन आम नगरवासीलाई शुभकामना दिने । | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

**मिति २०७८/०६/१५ गतेको ७२ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरु**

१. नगर विकास सम्बन्धी व्यवस्था गर्न बनेको नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.२ उल्लेख भए बमोजिमका पदेन सदस्यहरु बाहेक नगरपालिकाबाट तोक्नु पर्ने सदस्यहरुको नाम तपसिल बमोजिम मनोनयन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**तपसिल**

क. उपदफा ४.२.४ अनुसार भूमि तथा नापी सम्बन्धी स्थानीय तहको कर्मचारी श्री महेश डि.सी. सदस्य मनोनयन गरिएको

ख. उपदफा ४.२.५ अनुसार नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट मनोनयन गरिएका सदस्यहरुको नामावली

१. कार्यपालिका सदस्य श्री केशव के.सी., २ नं. वडा अध्यक्ष
२. कार्यपालिका सदस्य श्री सुदास स्वर्णकार, कार्यपालिका सदस्य १ नं. वडा
३. कार्यपालिका सदस्य श्री सपना विष्ट कार्की, कार्यपालिका सदस्य ३ नं. वडा

ग. उपदफा ४.२.६ अनुसार स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आउनु भएका समाजसेविहरु मध्येबाट कार्यपालिकाले मनोनयन गरिएका सदस्यहरुको नामावली

१. सदस्य श्री भद्र बहादुर विष्ट, चौरजहारी नगरपालिका वडा नं. १, रुकुम (पश्चिम)
२. सदस्य श्री कमला गौतम, चौरजहारी नगरपालिका वडा नं. २, रुकुम (पश्चिम)

२. नगरपालिकाको आवश्यकता अनुसार आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ लाई संशोधन गर्नु आवश्यक भएकोले आर्थिक सहायता सम्बन्धी कार्यविधी, २०७६ लाई तपसिल बमोजिम संशोधन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**तपसिल**

| दफा/उपदफा/खण्ड | हालको व्यहोरा | संशोधनको व्यहोरा |
|---|---|---|
| परिच्छेद २ को दफा (३) को उपदफा (२) | उपदफा (१) बमोजिम प्राप्त निवेदनमाथि नगर कार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी रू. पाँच हजारदेखि रू. बीस हजारसम्म आर्थिक सहायता दिई निःशुल्क | उपदफा (१) बमोजिम प्राप्त निवेदनमाथि नगर कार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी रू. पाँच हजारदेखि रू. १ (एक) लाखसम्म आर्थिक सहायता दिई निःशुल्क उपचारको |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

| दफा/उपदफा/खण्ड | हालको व्यहोरा | संशोधनको व्यहोरा |
|---|---|---|
| | उपचारको लागि समेत सिफारिस गर्न सकिनेछ । | लागि समेत सिफारिस गर्न सकिनेछ । |
| परिच्छेद २ को दफा (३) को उपदफा (३) | दश हजारसम्मको आर्थिक सहायता प्रमुख प्रशासकीय अधिकृत र सो भन्दा माथिको सहायता नगर कार्यपालिकाको निर्णय बमोजिम दिईनेछ । | घटनाको प्रकृति अनुसार दश हजारसम्मको आर्थिक सहायता प्रमुख प्रशासकीय अधिकृत र सो भन्दा माथिको सहायता नगर कार्यपालिकाको निर्णय बमोजिम दिईनेछ । |

३. चौरजहारी नगरपालिका अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७७ तपसिल बमोजिम संशोधन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**तपसिल**

| दफा/उपदफा/खण्ड | हालको व्यहोरा | संशोधनको व्यहोरा |
|---|---|---|
| दफा (६) को उपदफा (१) को (क) र (घ) | चौरजहारी नगरपालिका अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७७ को दफा ६ मा अस्पताल फार्मेसी सञ्चालन समितिको उपदफा १ को (क) मा अस्पताल फार्मेसी प्रमुख अध्यक्ष हुनेछ र ऐ दफा को ऐ उपदफा को (घ) मा अस्पताल फार्मेसी प्रमुखले तोकेको कर्मचारी सदस्य सचिव हुनेछ | चौरजहारी नगरपालिका अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७७ को दफा ६ मा अस्पताल फार्मेसी सञ्चालन समितिको उपदफा १ को (क) मा अस्पताल प्रशासक प्रमुख अध्यक्ष हुनेछ र ऐ दफा को ऐ उपदफा को (घ) मा अस्पताल फार्मेसी प्रमुख सदस्य सचिव हुनेछ |
| दफा (१५) को उपदफा (७) | चौरजहारी नगरपालिका अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७७ को दफा १५ को उपदफा (७) मा औषधी विक्रिको कुल रकमबाट | दफा ७ हटाउने । |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| दफा/उपदफा/खण्ड | हालको व्यहोरा | संशोधनको व्यहोरा |
|---|---|---|
| | मासिक रुपमा कम्तिमा दस प्रतिशत रकम अस्पतालको मूल खातामा जम्मा गर्नुपर्नेछ । | |

४. कोसेली घर स्थापना तथा सञ्चालन कार्यविधी, २०७८ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

५. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडलमा नयाँ उद्यमी सिर्जना गर्ने कार्यक्रमका लागि यस नगरपालिकाका वडा नं. १३ र १४ लाई छनौट गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

६. सार्वजनिक यातायात सेवामा सर्वसाधारणको सहज र सुविधाजनक पहुँच स्थापित नहुँदा नगरपालिकाले सार्वजनिक यातायातलाई प्रोत्साहन गरी सुरक्षित, भरपर्दो, सर्वसुलभ, गुणस्तरीय, विश्वसनीय, वातावरणमैत्री, उपभोक्तामुखी र सेवामुखी रुपमा नगरपालिकामा ३ वटा नगर बस सञ्चालन गर्दै आएको छ । हाल सञ्चालनमा रहेका ३ वटा नगर बसबाट नगरपालिकाको सम्पूर्ण स्थानहरुमा सेवाको पहुँच नभएकोले यहाँका लाभग्राहीलाई आवागमनमा समस्या भएको छ । सोही समस्यालाई समाधान गर्न चालु आ.व. २०७८/०७९ मा आन्तरिक ऋण उठाई २ वटा नगर बस खरिद गर्ने गरी बजेट विनियोजन गरिएकोमा तत्काल आन्तरिक ऋण उठाउन सकिने अवस्था नरहेकोले नगर बस खरिद गर्न आवश्यक रकमको व्यवस्थाको लागि संघ, प्रदेश सरकारसँग आवश्यक रकम माग गरी खरिद गर्ने/आन्तरिक राजस्वबाट खरिद गर्ने/रकमान्तर गरी खरिद गरीने भएकोले नगरपालिकाबाट नगर बस खरिद गर्न आव्हान गरिएको बोलपत्र अनुसार नगर बस गरिद कार्य अगाडी बढाउन नगरपालिकालाई अख्तियारी दिने निर्णय सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

७. चौरजहारी नगरपालिकाको प्रकोप व्यवस्थापन कोषको आय व्यय अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो । उक्त आय व्ययको संक्षिप्त व्यहोरा अनुसूचि १ मा रहेको छ ।

८. चौरजहारी नगपालिकाको वडा नं. २ मा कर्णाली प्रदेशस्तरिय रंगशाला निर्माणको लागि चौरजहारी नगरपालिकाको वडा नं. २ (साविक विजयश्वरी गा.वि.स. वडा नं. ५) स्थित रंगशाला नजिकको कि.नं. ११९७ बाट आवश्यक पर्ने सरकारी जग्गा (खोल्सी जग्गा) जिल्ला खेलकुद विकास समितिलाई उपलब्ध गराउने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

९. चौरजहारी नगरपालिका वडा नं. ९, कोटजहारीमा निर्माण गरिने १५ शैयाको अस्पतालको लागि तयार गरिएको रु. २२,९६,४२,९२९.८२/- (अक्षरुपी बाईस करोड छयान्नब्बे लाख बयालिस हजार नौ सय उन्नतिस दशमलब बयासी मात्र) को लागत अनुमान र वडा नं. ४ मालिकामा निर्माण गरिने मालिका पर्यटन पूर्वाधारको लागि तयार गरिएको रु. ७,४९,८२,५७८.७९/- (अक्षरुपी सात करोड उन्नचास लाख बयासी हजार पाँच सय अठहत्तर दशमलब उनासी मात्र) को लागत अनुमानलाई नगरपालिकाको सिफारिस बमोजिम स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

१०. चालु आर्थिक वर्ष २०७८/०७९ को महिला लक्षित आय आर्जन/सिप विकास तथा क्षमता विकास कार्यक्रमको लागि छुट्याईएको रकमबाट नगरपालिका क्षेत्रभित्रका महिलाहरुको लागि डिप्लोमा तहको मेसिनद्वारा स्वीटर बुन्ने तालिम सञ्चालन गर्ने प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

११. चौरजहारी नगरपालिकाको प्रकोप व्यवस्थापन कोषको भेन्टिलेटर, आई.सि.यु. बेड, अक्सिजन पलान्ट लगायतका महामारी जन्य रोग नियन्त्रण तथा व्यवस्थापन खर्च शिर्षकको रु १,१२,५०,०००/- (अक्षरुपी एक करोड बाह्र लाख पचास हजार मात्र) रकम चौरजहारी नगरपालिकाको सञ्चित कोष खातामा जम्मा गर्ने र उक्त कोषमा जम्मा भएको रकमबाट देहाय बमोजिमका कार्यक्रमहरुमा खर्च गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**तपसिल**

| सि.नं. | संकेत | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | लक्ष | इकाई | विनियोजन |
|---|---|---|---|---|---|---|---|
| १५ | ३१८०० | मा. वि. कोटजहारी विद्यालय पूर्वाधर निर्माण | ३११५९ | नेपाल सरकार अनुदान | १ | संख्या | ७३५० |
| १६ | ३१८०० | ब्लड बैंक भौतिक पूर्वाधार निर्माण (अधुरो आयोजना) | ३११५९ | नेपाल सरकार अनुदान | १ | संख्या | २२०० |
| १७ | ३१८०१ | खोलागाउँ ल्याब भवन निर्माण (अधुरो आयोजना) | ३११५९ | नेपाल सरकार अनुदान | १ | संख्या | १७०० |
| कुल जम्मा | | | | | | | ११,२५० |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

१२. मिति २०७८/०४/१५ गतेको ७० औं नगर कार्यपालिकाको निर्णय नं. २ मा पारित भएको आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना, २०७८ बाट चौरजहारी नगरपालिकामा सञ्चालन हुने आयोजनाहरु ठेक्का बन्दोबस्तबाट सञ्चालन गर्ने उल्लेख भएतापनि नगरपालिकाको आवश्यकतालाई मध्येनजर गर्दै आर्थिक वर्ष २०७८/०७९ मा सञ्चालन हुने १० लाख भन्दा कम लागत अनुमानका आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

१३. आर्थिक वर्ष २०७८/०७९ को लागि निर्माण सामग्री र ढुवानी, मेशिन तथा उपकरणको भाडा र कामको ज्याला निश्चित गर्ने प्रयोजनार्थ तयार पारी लागू भईरहेको चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को दररेट अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

१४. नजिकै आईरहेको २०७८ सालको बडा दसैं र तिहार जस्ता चाडपर्वहरु मनाउदा भिडभाड नगर्ने, सकभर घरमै मनाउने, सवैले मास्कको अनिवार्य प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने, समय समयमा साबुन पानीले हात धुने वा सेनिटाईजरको प्रयोग गर्ने लगायतका स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गरी मनाउन नगरबासीमा अनुरोध गर्दै वडा दसैं र दिपावलीको शुभकामना दिने ।

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख